मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ८ गते शुक्रबार (Friday, 20 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२' जारी

**काठमाडौँ, फागुन ७।** निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावली सङ्कलन तथा स्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन 'अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२' जारी गरेको छ।

आयोगले मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएर जारी गरेको हो। कार्यविधि अनुसार आयोगले

*(बाँकी अन्तिम पृष्ठमा)*

# मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमलाई निर्देशन

**काठमाडौँ, फागुन ७।** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमलाई निर्देशन दिएका छन्।

१०औं निर्वाचन दिवसका अवसरमा विहीवार निर्वाचन आयोगले आयोजना गरेको कार्यक्रममा उनले मत सर्वेक्षणलाई निर्वाचन आचारसंहिताले निषेध गर्ने भएकाले यस्ता घटना भए कारबाही गरिने बताए।

निर्वाचनका समयमा सत्य समाचारलाई झुट र झुट समाचारलाई सत्य बनाएर प्रस्तुत गर्नसक्ने भएकाले पनि सचेत हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आग्रह गरे। राजनीतिक दलका समर्थकले पनि निर्वाचन आचारसंहिता पालना गरेर निर्वाचन गराउनतिर लाग्नुस्, सामाजिक सञ्जाल प्रयोग गरेर कसैलाई मानमर्दन नगरौँ, सत्य र तथ्यमा आधारित भई काम गरौँ, निर्वाचनमा सामाजिक सञ्जाल पेचिलो विषय भएकाले यसको प्रयोग गर्दा ध्यान दिऔँ- उनले भने।

कसैको दबाब र प्रभावमा नपरी सही प्रतिनिधि छान्न उनले मतदातालाई पनि आव्हान गरे। सुरक्षाको बैठक गरेर निर्वाचन सुरक्षाका विषयमा नीति र रणनीति तय गर्न लागिएको जानकारी पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सो अवसरमा गराएका थिए। निर्वाचन आचारसंहिता बाहिर गएर प्रचारप्रसार गरे



जिल्ला जिल्लामा निर्वाचन अधिकृतको कार्यालयले कारबाही गर्ने भएकाले सचेत हुन पनि उनले ध्यानाकर्षण गराए। पर्यवेक्षण गर्नेले तोकिएका काम मात्र गर्नुपर्नेमा आयोगले सचेत गराएको छ।

धेरै भन्दा धेरै मत खसाल्न लगाउने र खसेका मत सबै सदर गराउने गरी काम गर्न उनले मतदाता शिक्षामा संलग्न स्वयम्सेवक, निर्वाचन प्रक्रियामा खटिएका कर्मचारी, सुरक्षाकर्मी र सम्बद्ध सबैमा अनुरोध गरे। निर्वाचनमा सानो गल्तीले पनि ठूलो समस्या आउन सक्ने भएकाले उच्च मनोबलका साथ सचेत भएर काम गर्नुपर्नेमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जोड दिए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेपाल-भारत सीमा सुरक्षा बैठक

**मोरङ, फागुन ७।** विराटनगरमा नेपाल-भारत सीमा जिल्ला समन्वय समितिको बैठक विहीवार बसेको छ। सो बैठकले आसन्न प्रतिनिधिसभा निर्वाचनका समयमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको छ।

मोरङ, झापा र सुनसरी तथा भारतका किसनगञ्ज, अररिया र सुपौल जिल्लाका उच्च अधिकारीहरूबीच सम्पन्न सो बैठकले आगामी निर्वाचनका सुरक्षाका विषयमा छलफल गरेको जिल्ला प्रशासन कार्यालय मोरङद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। बैठकमा मतदान हुनुभन्दा ७२ घण्टा आगाडि सीमा नाका पूर्ण रूपमा बन्द गर्ने सहमति भएको छ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र भारतको अररिया जिल्लाका डिष्ट्रिक मजिष्ट्रेट विनोद दुहानको सह-अध्यक्षतामा सम्पन्न उक्त बैठकले निर्वाचनका समयमा सम्भावित सुरक्षा

*(बाँकी अन्तिम पृष्ठमा)*

## राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्र



**झापा, फागुन ७।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा चुनावको वाचा-पत्र सार्वजनिक गरेको छ। घोषणा-पत्रलाई वाचापत्र नाम दिएको रास्वपाले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा विशेष कार्यक्रमका बीच सार्वजनिक गरेको हो।

सय बुँदे बाचापत्रमा सुशासन, पारदर्शिता, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकास प्राथमिकतामा छन्। रास्वपाले भ्रष्टाचार नियन्त्रण, सरकारी सेवामा डिजिटल प्रणालीको विस्तार, युवालाई उद्यमशीलतामा प्रोत्साहन, स्थानीय उत्पादनको बजारीकरण र कर्णालीमा विशेष पूर्वाधार कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ।

रास्वपाले एकपटकको नेपाली, सँधैको नेपाली भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै गैरआवासीय नेपालीको सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झञ्झटहरूलाई तत्काल अन्त्य गर्ने उल्लेख गरेको छ। रास्वपा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाहलगायतका नेताहरूले वाचापत्र सार्वजनिक गरेका हुन्।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले सहकारी ठगी गरेर जेल चलान गरिएका तथा पुर्पक्षका लागि थुनामा रहेका सञ्चालक तथा व्यवस्थापकलाई शर्तसहित जेलबाहिर निकाल्ने वाचा गरेको छ। रास्वपाको वाचापत्रमा सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैरबैंकिङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याउने वाचा गरेको छ।

रास्वपा सभापति लामिछाने कास्की, चितवन, रुपन्देही, काठमाडौं र पर्साका पाँचवटा सहरकारी ठगी गरेको मुद्दामा जेल परेका थिए। उनी सहकारी ठगीमा धरौटी र बिगो रकम बुझाएर बाहिर निस्किएका छन्। रास्वपाले भने सहकारी ठगीमा जेल परेका वा पुर्पक्षका लागि थुनामा रहेका सञ्चालक वा व्यवस्थापकलाई जेलबाहिर राख्ने नीति लिने लेखेको छ।

चुनावपछि रास्वपाको सरकार गठन भएको अवस्थामा सहकारी ठगीमा जेलमा रहेका सञ्चालक वा व्यवस्थापकलाई बाहिर निकाल्ने रास्वपाको वाचापत्रमा लेखिएको छ। 'हाम्रो उद्देश्य सञ्चालकहरूलाई जेल हाल्नु मात्र होइन, बरु बचतकर्ताको पैसा फिर्ता गराउनु हो। त्यसैले, 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीति अनुरूप यदि कुनै सहकारी वित्तीय संस्थाका सञ्चालक वा व्यवस्थापन पक्ष बचतकर्ताको रकम फिर्ता गर्न तयार छन् र उनीहरूसँग भरपर्दो स्रोत एवम् योजना छ भने 'मिलापत्र' का लागि कानूनी बाटो प्रशस्त गरिदिनेछौं'- वाचापत्रमा लेखिएको छ। रास्वपाले आफ्नो नेतृत्वमा सरकार बनेमा सय दिनभित्रमा बचत फिर्ता गर्ने प्रतिबद्धता जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी निर्वाचनपछि गठन हुने सरकारको नेतृत्व गर्न पाए राज्यको सेवा-सुविधा उपभोग गर्ने सबैको दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्ने बताएको छ। 'राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा आउने बित्तिकै राज्यका विभिन्न निकायहरू- कर्मचारीतन्त्र, शिक्षण सेवा, प्राध्यापन,

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेकपा एमालेको घोषणा-पत्र सार्वजनिक



**झापा, फागुन ७।** नेकपा एमालेले चुनावी घोषणा-पत्र विहीवार सार्वजनिक गरेको छ।

काठमाडौमा आयोजित कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न 'एमालेले बनाउँछ' भन्ने मूल नाराका साथ घोषणापत्र सार्वजनिक गरेका हुन्। घोषणा-पत्रमा आउँदो पाँच वर्षभित्र देशको अर्थतन्त्रको आकार एक सय खर्ब र १० वर्षमा दुई सय खर्ब पुर्‍याउने महत्वाकांक्षी लक्ष्य समेटिएको छ। यस्तै पाँच वर्षभित्र नेपालीको प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुर्‍याउने प्रतिबद्धता पनि घोषणा-पत्रमा छ।

सरकार गठन लगत्तै शुरु गर्ने ११ वटा ग्यारेन्टीसहितका कार्यक्रम एमालेले अघि सारेको छ। जस अन्तर्गत १८ देखि २८ वर्षका युवालाई वार्षिक १० जीबी निःशुल्क डाटा, स्टार्टअपमा लाग्नेलाई १० हजार डलर बराबरको 'डलर कार्ड' र विद्यार्थीलाई २० लाखसम्मको निर्व्याजी ऋण दिने योजना छ।

न्यूनतम् पारिश्रमिक मासिक २५ हजार पुर्‍याउने र वैदेशिक रोजगारीका श्रमिकलाई वार्षिक पाँच हजार बोनस दिने प्रतिबद्धता पनि घोषणा-पत्रमा छ।

पूर्वाधारतर्फ एमालेले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, सुरुङ मार्ग र ठूला शहरमा मेट्रो तथा मोनोरेल सञ्चालन गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ। राजनीतिक स्थिरता, सुशासन र असंलग्न परराष्ट्र नीतिलाई मुख्य प्राथमिकतामा राखिएको घोषणा-पत्रमा उल्लेख छ। एमालेले हरेक वर्ष ७ देखि ९ प्रतिशतसम्म आर्थिकवृद्धिको लक्ष्य पनि राखेको छ।

घोषणा-पत्र अनुसार बिद्यार्थीलाई २० लाख रुपैयाँ निर्व्याजी ऋण दिने, श्रमिकको न्यूनतम् पारिश्रमिक २५ हजार रुपैयाँ

*(बाँकी अन्तिम पृष्ठमा)*

## पटाका बिस्फोट हुँदा १२ जनाको मृत्यु

**काठमाडौं, फागुन ७।** चन्द्र नयाँ वर्षको उल्लासबीच चीनमा भएको एक भीषण विस्फोटले १२ जनाको ज्यान लिएको छ। पाँच बालबालिका समेत मारिएको उक्त घटनाले बिदाका बेला ग्रामीण क्षेत्रमा व्यापक रूपमा प्रयोग हुने आतसबाजी सुरक्षामाथि फेरि प्रश्न उठाएको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार हुबेई प्रान्तको जिनपु गाउँमा बुधबार दिउँसो आतसबाजी तथा पटाका बिक्री गर्ने सामान्य पसलमा विस्फोट भएको थियो। राज्य प्रसारणकर्ता चाइना सेन्ट्रल टेलिभिजन (सीसीटीभी) ले बिहीबार अधिकारीहरूलाई उद्धृत गर्दै गहन खोजी तथा उद्धार कार्यपछि १२ जनाको मृत्यु पुष्टि भएको जनाएको छ। मृतकमध्ये सात जना वयस्क र पाँच जना नाबालिग रहेको बताइएको छ।

सबै पीडितको पहिचान प्रमाणित भइसकेको जनाइएको छ। रिपोर्ट अनुसार पसलका मालिक 'मिस्टर लिन' भनेर चिनिने एक व्यक्तिबाहेक बाँकी ११ जना आतसबाजी खरिद गर्न आएका ग्राहक थिए। मृत्यु हुने ग्राहकहरूमध्ये तीन जना करिब ७८० किलोमिटर टाढा रहेको चेङ्दुबाट आफ्ना आफन्तलाई भेट्न आएका थिए।

चन्द्र नयाँ वर्षका अवसरमा विशेषगरी ग्रामीण क्षेत्रमा आतसबाजी र पटाखा फोड्ने परम्परा अत्यन्त लोकप्रिय छ। यद्यपि सुरक्षा र प्रदूषण नियन्त्रणका कारण पछिल्ला वर्षहरूमा धेरै प्रमुख चिनियाँ शहरहरूले यसको प्रयोगमा प्रतिबन्ध लगाएका छन्। ग्रामीण क्षेत्रमा भने यस्तो अभ्यास अझै व्यापक रूपमा जारी छ।

विस्फोटको कारणबारे प्रहरीले अनुसन्धान शुरु गरेको जनाएको छ। बिदाको समयमा यस्ता घातक घटना दोहोरिने क्रम चिन्ताजनक रूपमा देखिँदै आएको छ। गतआइतबार मात्र पूर्वी जियाङ्सु प्रान्तको एक आतसबाजी पसलमा भएको विस्फोटमा आठ जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए।

## एम्बुलेन्स खरिद गर्दै रोङ

**बिर्तामोड, फागुन ७।** शैक्षिक क्षेत्रमा बचत अभियान शुरु गर्दै शिक्षामा सुधारका कामलाई पहिलो प्राथमिकतामा राखेको रोङ गाउँपालिकाले स्वास्थ्यलाई समेत अग्राधिकारमा राखेर काम शुरु गरेको छ।

इलामको रोङ गाउँपालिकाले आफ्नै पहलमा दुई वटा एम्बुलेन्स खरिद गर्ने भएको छ। पालिकामा रहेका ६ वटा वडाका नागरिकलाई ध्यानमा दिँदै एम्बुलेन्स खरिदका लागि आफूले काम शुरु गरेको रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्वो (सुवास)ले बताए। उनले भने- सरकारको मापदण्ड अनुसार पालिकाले खरिद गर्न पाउने दुईवटासम्म एम्बुलेन्स यस पालिकालाई आवश्यक छ।

एम्बुलेन्स खरिद तथा सञ्चालन प्रक्रियाको कार्यविधि तयार गरेर यसलाई औपचारिक रुपमा आम नागरिकलाई सहयोगका लागि अपिल गर्ने योजनाका साथ काम भइरहेको अध्यक्ष स्याङ्वोले बताए। उनले भने-एउटा एम्बुलेन्स खरिद गर्न करिब २२ लाख रुपैयाँ लाग्ने रहेछ, हामीसँग ४४ लाख भएमा दुई वटा एम्बुलेन्स खरिद गर्न सकिन्छ। कुनै पनि नागरिकको उपचारमा सहज पहुँच नपुगेर ज्यान




नजाहोस् भन्ने उद्देश्यले यो अभियान शुरु गर्न लागेको उनले बताए।

उनले एम्बुलेन्स खरिदका लागि दुई वटा टोल विकास समितिका अध्यक्षहरु रुपेन तामाङ र उपेन्द्र दाहाल तथा स्वास्थ्यकर्मी उर्मिला पोखेलको संयुक्त नाममा बैंक खाता समेत खोलेर अभियान शुरु भएको जानकारी दिए। बैंक खाता एम्बुलेन्स खरिद गर्नका लागि मात्रै आन्तरिक लेखा परीक्षण गर्ने बताइएको छ। हिसाबलाई चुस्त र पारदर्शी बनाउन कार्यपालिकाबाट सबै नियमहरु परित भइसकेको जनाइएको छ।

रोङ गाउँपालिका झापासंग सीमाना जोडिएको पालिका हो। यस पालिकामा करिब १७ हजारभन्दा धेरै जनसंख्या रहेको र यहाँबाट झापासहितका विभिन्न स्थानमा सञ्चालनमा आएका अस्पताल आउन करिब ३० मिनेटदेखि एक घण्टा मात्रै समय लाग्ने जनाइएको छ।

ग्रामीण क्षेत्रमा अस्पताल सञ्चालन गर्न तथा चिकित्सकको सेवा प्रवाह गर्न समस्या हुने भएकाले एम्बुलेन्स खरिदलाई पहिलो प्रथमिकतामा राखेको अध्यक्ष स्याङ्वोले बताए। उनले भने- पालिकामा ५६ वटा टोलविकास संस्थाहरु रहेका छन्। हामी सबै टोलमा आम नागरिकलाई एम्बुलेन्स खरिदका लागि सहयोग माग्छौं। यसले गर्दा यो एम्बुलेन्सप्रति आम नागरिकले अपनत्व लिने छन्। आफ्ना

*(बाँकी अन्तिम पृष्ठमा)*

# चौतर्फी प्रश्नको घेरामा उम्मेदवार

**झापा, फागुन ७।** आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन १३ दिन मात्रै बाँकी रहँदा उम्मेदवारहरु मतदाताको चौतर्फी प्रश्नको घेरामा पर्न थालेका छन्।

मतदाताहरुले आक्रोश ब्यक्त गर्दै किन मत दिने भनेर प्रश्न खडा गर्न थालेका छन्। यसैक्रममा बिहीबार झापाको क्षेत्र नम्बर-२ का उम्मेद्वारहरुमाथि मतदाताहरुले प्रश्नको वर्षा नै गरे। न्यूज २४ टेलिभिजनले आयोजना गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित झापा क्षेत्र नम्बर-२ को चुनावी बहस कार्यक्रममा मतदाताले किन मत दिने भन्दै उम्मेदवारलाई ज्याखज्याक्ती पारेका थिए।

विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरू एउटै मञ्चमा उभिएर आफ्ना एजेन्डा प्रस्तुत गर्दै बहसमा सहभागी भएका थिए।




कार्यक्रममा नेकपा एमालेका उम्मेदवार पूर्व सभामुख देवराज घिमिरे, नेपाली कांग्रेसकी उम्मेदवार पूर्व राज्यमन्त्री सरिता प्रसाईं, नेपाली कम्युनिष्ट पार्टीकी उम्मेदवार संविधानसभा सदस्य धर्मशिला चापागाँई, राप्रपाका उम्मेदवार अधिवक्ता स्वागत नेपाल, श्रम संस्कृति पार्टीका उम्मेदवार युवा अभियन्ता केशव भण्डारी, नेकपा माओवादीका उम्मेदवार अर्जुन पाण्डे, उज्यालो नेपालका उम्मेदवार क्याप्टेन सीके बेघा, जनता समाजवादी पार्टीका उम्मेदवार अभिषेक राई तथा स्वतन्त्र उम्मेदवार डा. युवराज संग्रौलाको सहभागिता थियो। कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की उम्मेदवार तथा पूर्व उपसभामुख इन्दिरा राना मगर अनुपस्थित थिइन्। बहसका क्रममा राप्रपाका उम्मेदवार नेपालले पुराना दलहरूले गणतन्त्रको नाममा देश बेचेको आरोप लगाउँदै वर्तमान संविधान खारेज गरी राजतन्त्र पुनःस्थापना गर्नुपर्ने धारणा राखेपछि कार्यक्रमको माहोल तातेको थियो। तर, यस अघिको निर्वाचनमा स्वतन्त्र भएको र अहिले राजा बोकेर आएको भन्दै उनलाई मत किन दिने भन्दै मतदाताले प्रश्न गरेका थिए। उनले उन्नत लोकतन्त्र पार्टी के भयो, हिजो राजा नचाहिने अहिले राजा कसरी चाहियो भन्दै सहभागीले प्रश्न गरेका थिए।

कार्यक्रममा पूर्व सभामुख घिमिरेले राजा र राजतन्त्रको बहस भए आफू कार्यक्रममै नबस्ने चेतावनी दिएपछि केही समय चर्काचर्की भएको

*(बाँकी अन्तिम पृष्ठमा)*



# देशभरि निजी हतियार सङ्कलन गरिँदै

**काठमाडौं, फागुन ७।** गृह मन्त्रालयको परिपत्रपश्चात् हाल देशभरि रहेका इजाजतप्राप्त निजी हातहतियार सङ्कलन गर्न थालिएको जिल्ला प्रशासन कार्यालयहरूले बताएका छन् ।

आसन्न प्रतिनिधिसभा चुनावलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने दिशामा यो कदम चालिएको मन्त्रालयले जनाएको छ । देशभरि कति संख्यामा निजी हातहतियार छन् भन्नेबारे चाहिँ अधिकारीहरूले बताएनन् । अहिले देशभरि सङ्कलन भइरहेको छ । सबैतिर सकिएपछि संख्याबारे थाहा होला- गृह मन्त्रालयकी सूचना अधिकारी रमा आचार्य सुवेदीले भनिन् ।

देशभरि ३० हजारभन्दा बढी हातहतियार राख्न पाउने इजाजत दिएको पाइएको करिब दुई वर्षअघि गृह मन्त्रालयका अधिकारीहरूले बताएका थिए । प्रहरीले इजाजतप्राप्त हतियारहरूको सङ्कलन तथा पुनः फिर्ता गर्नुअघि तिनको सुरक्षित भण्डारणमा आफ्नो भूमिका रहने गरेको जनाएको छ ।

**कसरी संकलन गरिँदैछ ?**

गृह मन्त्रालयले परिपत्र गरेपछि जिल्ला प्रशासन कार्यालयहरूले सूचना जारी गरी इजाजतप्राप्त हतियारहरू सङ्कलन गरिरहेको बताएका छन् ।

कतिपय जिल्ला प्रशासन कार्यालयले हतियार बुझाउने म्याद थपेका छन् भने कतिपयले सकिएका म्यादमा पनि आइरहेका हतियार बुझिरहेको बताएका छन् । बैतडीका प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले १५ दिने म्यादभित्र सबै हतियार नआएपछि म्याद थपेर सङ्कलन भइरहेको बताए । जिल्लामा कूल १,०८६ वटा इजाजत प्राप्त हतियार रहेकामा अहिलेसम्म ४०७ वटा हामीले बुझेका छौँ- उनले भने ।

थापाका अनुसार इजाजतप्राप्त हतियार नबुझाएका मानिसका घरघरमा प्रहरी पठाएर सङ्कलन गर्ने प्रयास भइरहेको छ । धेरैले त्यस्ता हतियारको लाइसेन्स नवीकरण नगरेका पाइएकोले सङ्कलन गरिएपछि नवीकरण गरेर मात्र दिने छौँ- उनले अगाडि थपे ।

पाँच वर्षसम्म नवीकरण गर्न नसक्ने व्यक्तिको निजी हतियार जफत र इजाजतपत्र रद्द गर्न सकिने कानूनी व्यवस्था छ । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले हतियार बुझाउन दिइएको समय सकिएको तर बुझाउन आइरहेका व्यक्तिका इजाजतप्राप्त हतियार बुझ्ने गरिएको बताए । स्रोतहरूका अनुसार बिगतमा पनि चुनावका बेला मानिसहरूले आफ्ना निजी हतियारहरू पूर्ण रूपमा बुझाएको प्रमाणित गर्ने तथ्याङ्क छैन ।

**'अहिले दिइएको छैन'**

करिब दुई वर्षदेखि निजी हातहतियार राख्नका लागि लाइसेन्स दिन रोकिएको अधिकारीहरूले बताएका छन् । वि.सं. २०८० सालको चैत ५ गते मेडिकल व्यवसायी दुर्गा प्रसाईका एक सुरक्षागार्डलाई हतियारसहित सर्वोच्च अदालत परिसरमा पक्राउ गरिएको थियो । त्यसयता लाइसन्स लिन खासै आएका पनि छैनन् र आएका व्यक्तिहरूलाई अहिले इजाजत दिने गरिएको छैन भन्ने गरेका छौं- मन्त्रालयका एक अधिकारीले भने ।

नेपालमा हातहतियार खरखजाना ऐन, २०१९, नियमावली २०२८ र मुलुक फौजदारी कार्यविधि संहिता, २०७४ ले अश्त्रसम्बन्धी व्यवस्थापनलाई निर्देशित गर्दै आएका छन् । हातहतियार खरखजाना ऐन, २०१९ अन्तर्गत मानिसहरूलाई निजी हातहतियार राख्न दिने गरिएको अधिकारीहरू बताउँछन् ।

**दिने कानूनी आधार**

कानूनी प्रावधानबमोजिम निजी हतियार राख्न चाहने व्यक्तिले सबैभन्दा पहिला जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ ।




त्यस्तो निवेदन पाएपछि जिप्रकाले हतियार लिन चाहने व्यक्ति, तिनका छरछिमेकबारे सुरक्षा समितिमार्फत् अध्ययन गर्न लगाउँछ ।

अधिकारीहरूका अनुसार सो क्रममा निजी हतियार राख्न चाहने व्यक्तिको स्वास्थ्य अवस्था पनि हेरिन्छ । सुरक्षा समितिले दिन मिल्ने भनेपछि बल्ल जिप्रकाले गृह मन्त्रालयलाई प्रतिवेदन पठाउँछ । त्यसको समीक्षा गरेर हतियार आयातका लागि उसले वाणिज्य विभागलाई पत्राचार गर्छ- मन्त्रालयका अधिकारीले भने ।

वाणिज्य विभागले आयातका लागि अनुमति दिएपछि राख्न चाहने व्यक्तिले विदेशबाट हतियार आयात गर्छन् । आयात गरिएको हतियार विमानस्थल भन्सारबाट हुलाक कार्यालय पुग्छ र त्यहाँबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालय पुग्छ । अनि इजाजतत्र जारी भएपछि बल्ल सम्बन्धित व्यक्तिले पाउँछ ।

विद्यमान व्यवस्था अनुसार निजी हतियार राख्ने व्यक्तिले प्रत्येक दुई वर्षमा इजाजत नवीकरण गराउनुपर्छ । इजाजत लिएका कोही व्यक्तिले अरू कसैलाई बेच्न चाहयो भने त्यसका लागि पनि अनुमति लिनुपर्ने हुन्छ ।

अधिकारीहरूका अनुसार जुन जिल्लाका लागि अनुमति लिइएको हो, त्यही जिल्लामा हतियार बोक्न पाइन्छ । तर प्रमुख जिल्ला अधिकारीको अनुमतिमा अरू जिल्लामा पनि लैजान पाइन्छ ।

हातहतियार खरखजाना नियमावली, २०२८ अनुसार १२, १६, २०, ४१० बोरका टोटावान बन्दुक (शर्ट गन,) भरुवा बन्दुक, हावादारी बन्दुक, २२ बोरको राइफल र त्यसका खरखजाना सुरक्षा वा सिकारका लागि राख्न, लिएर हिँड्न वा प्रयोग गर्नका लागि इजाजतपत्र लिनुपर्छ । त्यसबाहेक अरू कुनै पनि किसिमका बन्दुक, पिस्तल वा रिभल्भर र त्यस्ता हातहतियारका खरखजानाका लागि इजाजतपत्र नदिने व्यवस्था छ ।

**'खतरा देखिएको छैन'**

अधिकारीहरूका अनुसार इजाजतप्राप्त निजी हतियारहरूबाट खतरा उत्पन्न भएको देखिएको छैन । हामीले त्यस्ता हतियारहरूले सुरक्षा खतरा निम्त्याएको पाएका छैनौं- मन्त्रालय स्रोतले भन्यो ।

भूतपूर्व अतिरिक्त प्रहरी महानिरीक्षक सुरेन्द्रबहादुर शाह पनि त्यस्ता हतियारबाट खतरा उत्पन्न भएको नदेखिएको बताउँछन् । चुनाव अथवा अरू बेला पनि त्यस्तो खतरा उत्पन्न भएको पाइएको छैन । उहिले त्यस्ता हतियार भएका कोहीकोहीले डराउने, धम्क्याउने गरेको चाहिँ पाइन्थ्यो- उनले भने ।

माओवादी सशस्त्र द्वन्द्वअघि निजी हतियार राख्न लाइसेन्स खोज्ने अभ्यास बढी देखिएको भए पनि पछि घट्दै गएको पाइएको शाहले बताए । निजी हतियार राखेमा ती लुटिने डरले पनि होला, द्वन्द्वकालमा इजाजत लिनेहरू खासै देखिएनन्- उनले भने । कतिपय जानकारका अनुसार सोखका लागि पनि कतिपयले हतियार राख्ने गरेको बीबीसीले उल्लेख गरेको छ ।

## हात्तीको आक्रमणबाट महिला घाइते

**झापा, फागुन ७।** झापाको बाह्रदशीमा जंगली हात्तीको आक्रमणबाट एक महिला गम्भीर घाइते भएकी छन् ।

बाह्रदशी-१ बोक्राझारी बस्ने लखनलाल राजवंशीकी श्रीमती ५० वर्षीया लीला राजवंशीले आफ्नो बनाउँदै गरेको पक्की घरमा पानी हाल्ने क्रममा लक्ष्मीनाथ सामुदायिक वन भागुडुब्बाबाट आएको एउटा जंगली हात्तीले अचानक आक्रमण गरेको थियो ।

उनलाई आक्रमण गरी शरीरको विभिन्न भागमा चोट पुऱ्याइ गम्भीर घाइते बनाएको बताइएको छ । उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## अस्थायी ...

स्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रमसहितको सूचना प्रकाशन गर्नेछ । सो सूचना आयोगले आवश्यकता अनुसार राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश हुनेछ ।

निर्वाचन आयोगले जारी गरेको उक्त कार्यविधि अनुसार कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटी सच्याउन प्रमाणसहित प्रमुख नाम दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्ने आयोगले जनाएको छ ।

## 'आ बाट आमा' बन्ला वर्षकै धेरै कमाउने फिल्म ?




यस वर्ष १० करोड कमाउने नेपाली फिल्मको संख्या चार पुगेको छ ।

गतमाघ १६ गतेबाट प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा दोहोरो अंकको व्यापार गरेसँगै यस वर्ष १० करोड ग्रस कमाउने यो चौथो फिल्म बनेको छ । यसअघि तीन फिल्म 'ऊनको स्वीटर', 'जेरी अन टप' र 'परान'ले १० करोडभन्दा बढीको व्यापार गरेका थिए ।

'आ बाट आमा'ले बुधबार साँझसम्म १० करोडमाथि कमाएको चलचित्र विकास बोर्ड अन्तर्गतको सिनेपाः बक्स अफिसमा देखिन्छ । योसँगै फिल्म सुपरहिट बनेको छ भने अब ब्लकबस्टरको बाटोमा अगाडि बढेको छ । प्रदर्शनको तेस्रो सातामा पनि दैनिक ३० लाखमाथिको व्यापार गरिरहेको यो फिल्मले चुनाव अघिसम्म १२ करोडको आँकडा पार गर्न सक्ने अनुमान गरिएको छ ।

अब धेरैको चासो 'आ बाट आमा' यस वर्षको सबैभन्दा धेरै कमाउने फिल्म बन्न सक्छ कि सक्दैन भन्नेमा छ । त्यसका लागि यो फिल्मले 'परान'को कमाइलाई उछिन्नु पर्ने हुन्छ । यसले १७ करोड ८४ लाख ४७ हजार रुपैयाँ ग्रस कमाएको थियो । फागुन २१ गते प्रतिनिधिसभाको चुनाव भएकाले 'आ बाट आमा'लाई 'परान'को कमाइ उछिन्न सहज भने देखिँदैन ।

आमा र छोराको भावनात्मक सम्बन्ध, वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथामा आधारित यस फिल्ममा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ । फिल्ममा कृष्णप्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुवप्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

## चैत १३मा सुरक्षाको 'चमेलीको पोइ' नआउने

एभरेष्ट सूर्य बोहराको निर्देशनमा बनेको फिल्म 'चमेलीको पोइ' पूर्वघोषित मितिमा प्रदर्शन नहुने भएको छ ।

चैत १३ गते प्रदर्शन हुने भनिएको यो फिल्म अब उक्त मितिमा नआउने निर्माता राम नारायण उपाध्यायले जानकारी दिए । देशको वर्तमान राजनीतिक परिस्थिति र निर्वाचनको परिवेशलाई मध्यनजर गर्दै फिल्मको प्रदर्शन मिति स्थगित गरिएको उनले बताए ।

निर्माता उपाध्यायले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी फिल्म प्रदर्शनको लागि शान्तिपूर्ण र अनुकूल वातावरणको प्रतिक्षामा छौं, जसले फिल्मको प्रदर्शनलाई थप प्रभावकारी बनाउने विश्वास लिएका छौं । फिल्मको नयाँ प्रदर्शन मिति छिट्टै मिडियामार्फत सार्वजनिक गर्नेछौं ।' उनले समयमै फिल्म निर्माण सम्पन्न गरेकोमा निर्देशक बोहरालाई पनि धन्यवाद दिएका छन् ।

सुनिता सापकोटा र रामनारायण उपाध्याय निर्माता रहेको यस फिल्ममा नारायण त्रिपाठी, सुरक्षा पन्त, मुकुन भुसाल, विल्सन विक्रम राई, रविन्द्र झा, प्रेम देव गिरी, गणेश गौतम, रामनारायण उपाध्याय, अंशु




महर्जन, बबिन राई, खड्गबहादुर पुन, उमेश राई, रजनी गुरुङ, सुनिता सापकोटा, मिना आरएल शाही, रितु मल्ल ठकुरी लगायतको अभिनय देख्न सकिनेछ ।

धनलक्ष्मी सिने मेकर्सको ब्यानरमा निर्माण भएको फिल्ममा निर्देशक बोहराको कथा, शिवम अधिकारीको पटकथा तथा शेरबहादुर तामाङको छायांकन रहेको छ ।

सामाजिक कमेडी कथावस्तुमा आधारित यस फिल्ममा उदय विक्रम राणा, रितु मल्ल ठकुरी र कपिल आचार्य कार्यकारी निर्मातामा छन् भने सह-निर्माताहरू प्रदीप कुमार सापकोटा, यमप्रसाद ओली र सुदीप कुँवर हुन् ।

## चौतर्फी ...

थियो । यस क्रममा धर्मशिला चापागाँई र सरिता प्रसाईंले घिमिरेको पक्ष लिएका थिए । कार्यक्रमस्थल बाहिर राजावादी र गणतन्त्रवादी समर्थकबीच समेत होहल्ला भएको थियो ।

पत्रकार विजय पौडेलले सञ्चालन गरेको कार्यक्रममा गिरीबन्धु टी-इस्टेट (बिर्तामोड नयाँ बसपार्क क्षेत्रको ५१ विगाह जमिन) को मुद्दा प्रवेश गरेसँगै बहस झन् चर्किएको थियो । वर्षौंदेखि स्थानीयले उपभोग गर्दै आएको तथा धनीपुर्जा समेत वितरण भइसकेको उक्त जग्गा अदालतले रोक्का गरेपछि त्यहाँका पीडितहरूले सबै राजनीतिक दल र उम्मेदवारहरूलाई प्रवेश निषेध गरेका छन् ।

पीडितहरूले समस्या समाधान नभएसम्म प्रवेश निषेध गर्ने भन्दै नाराबाजी गरेपछि उपस्थित उम्मेदवारहरूले उक्त विषयलाई आफ्नो चुनावी एजेन्डामा समेट्ने प्रतिबद्धता जनाए । श्रम संस्कृति पार्टीका उम्मेदवार भण्डारीले ५१ बिगाहका पीडितलाई न्याय नदिएसम्म सबै उम्मेदवारले चुनाव बहिष्कार गर्नुपर्ने तर्क प्रस्तुत गरे । बहसमा उम्मेदवारहरूले आफ्ना एजेन्डाभन्दा बढी समय एकअर्कामाथि आरोप-प्रत्यारोपमै खर्चिएका देखिन्थे ।

कार्यक्रममा सहभागी जेन-जी युवाहरूले भदौ २३ र २४ को घटनाको जिम्मेवारी एमाले र कांग्रेसले लिनुपर्ने भन्दै आक्रोश व्यक्त गरे । स्वतन्त्र उम्मेदवार डा. संग्रौला र विप्लव नेतृत्वको माओवादीका उम्मेदवारबाहेक अधिकांश उम्मेदवारले स्पष्ट एजेन्डा प्रस्तुत गर्न नसकेको गुनासो मतदाताको थियो ।

प्रत्यक्ष प्रश्नोत्तर सत्रमा मतदाताहरूले स्थानीय पूर्वाधार विकास, उद्योग स्थापना, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी प्रश्न उठाएका थिए ।

कार्यक्रममा सहभागीहरूले यस्ता खुला बहस कार्यक्रम झापा मात्र नभई देशव्यापी रूपमा नियमित हुनुपर्ने आवश्यकता औंल्याए ।

## राष्ट्रिय ...

सुरक्षा निकाय, अदालत तथा संवैधानिक अंगहरू लगायत राज्यको सेवा-सुविधा उपभोग गर्ने सबैको दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्छौं'- वाचापत्रमा भनिएको छ ।

रास्वपाले राज्य संयन्त्र कुनै दलको शाखा कार्यालय नभएर सम्पूर्ण नागरिकको साझा संस्था भएको प्रष्ट्याएको छ । रास्वपाले भ्रातृ संगठन निर्माण नगर्ने पार्टीको पुरानो नीतिलाई निरन्तरता दिने भएको छ । 'कुनै पनि प्रकारका भ्रातृ संगठन निर्माण नगर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गर्दछौं'- वाचापत्रमा भनिएको छ- 'जनताले तिरेको करबाट तलब भत्ता लिएर राज्यका निकायहरूका विभिन्न ओहदामा बसेर राज्य र संविधानप्रति नभई आफ्नो मातृ राजनीतिक दलप्रति निष्ठा राख्दै काम गर्नु राष्ट्रप्रति अनैतिक र दण्डनीय कृत्य हो भन्ने हाम्रो स्पष्ट मान्यता छ ।'

## नेपाल ...

चुनौतिहरूलाई सम्बोधन गर्न संयुक्त सीमा गस्तीलाई सशक्त बनाउनुका साथै सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त पार्ने निर्णय गरेको छ ।

त्यसैगरी सीमा क्षेत्रमा हुने अवैध गतिविधिहरू, तेस्रो देशका नागरिकहरूको अनधिकृत प्रवेश, लागूऔषध तथा मानव बेचबिखन, जाली नोटको कारोबार, हतियार र नगद तस्करी नियन्त्रणका लागि निरन्तर सहकार्य गर्ने विज्ञप्तिमा उल्लेख छ ।

## एम्बुलेन्स ...

नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा मात्र प्रवाह गर्न सकेमा आर्थिक रुपमा ठूलो टेवा पुग्ने भएकाले यहाँ १२ सयको औषधि किन्न १० हजार खर्च गर्नुपर्ने अवस्था छ, त्यो अन्त्यका लागि पालिका लागेको छ- उनले भने ।

पलिकाले देश-विदेशमा रहेका आम नागरिक तथा विभिन्न संघ-संस्था, टोल विकास संस्था, सामुदायिक वन तथा सबै मनकारी महानुभावलाई सहयोगका लागि अपिल गरेको छ । केही संघ-संस्था तथा व्यक्तिहरुले अभियान राम्रो भन्दै आफ्नो क्षेत्रमा सकेको सहयोग गर्ने प्रतिबद्धताहरु आउन थालेको अध्यक्ष स्याङ्वोले बताए । रोङ गाउँपालिकाका अध्यक्ष स्याङ्बोले व्यक्तिगत रूपमा प्राप्त गरेको रु. ५१ हजार पुरस्कार रकम स्वास्थ्य क्षेत्रमा लगानी गर्ने घोषणा गर्दै रकम समेत जम्मा गरेका छन् ।

सिर्जनशील कामको मूल्यांकन गर्दै प्रथम छत्र खतिवडा स्मृति सिर्जनशील पुरस्कार-२०८२ स्वरुप प्राप्त पुरस्कार एम्बुलेन्स खरिदका लागि जम्मा गरेको भन्दै पुरस्कृत गर्ने पबित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान बुद्धशान्ति-५ झापालाई धन्यवाद समेत दिएका छन् । उक्त रकमबाट नयाँ एम्बुलेन्स खरिद र स्वास्थ्य सेवाको पहुँच विस्तारमा प्राथमिकता दिने उनले बताए । स्वास्थ्य चौकी सुदृढीकरण, आकस्मिक उपचार, प्राथमिक स्वास्थ्य सेवा र जनस्वास्थ्य सचेतना कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर पहल अगाडि बढाइने बताउँदै नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको उनको भनाइ छ ।

स्वास्थ्य क्षेत्रमा समग्र सुधारका लागि सामुहिक सहयोग र स्थानीय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै उनले समुदायमा स्वास्थ्य सेवाको पहुँच बढाउने उद्देश्यले अभियानलाई निरन्तरता दिइने विश्वास दिलाए ।

एम्बुलेन्स खरिदका साथै स्वास्थ्य सेवा, आपतकालीन उपचार, औषधि आपूर्ति र प्राथमिक स्वास्थ्य शिक्षा कार्यक्रमहरूमा लगानी बढाइने बताइएको छ । अध्यक्ष स्याङ्बोले पालिकाको समग्र विकास, सामाजिक चेतना अभिवृद्धि र जनउत्तरदायी नेतृत्वमार्फत शिक्षा, स्वास्थ्य, यातायात, पूर्वाधार र सञ्चारका क्षेत्रमा ठोस काम गरिसकेको जानकारी दिए । उनले नागरिकको स्वास्थ्यलाई ध्यान दिएर विभिन्न अभियानहरु सञ्चालन गरिरहेको उल्लेख गरे ।

स्वास्थ्य सेवाबाट कसैले पनि बञ्चित हुनु नपरोस् भनेर आफूहरु लागीपरेको उनको भनाइ छ । रोङ गाउँपालिकाले नेपालमै पहिलोपटक 'गुरु किसान कार्यक्रम', अभिभावक शिक्षा र 'रु. १ बचत', रोङका उत्पादनहरुको ब्राण्डिङ गर्दै बजारीकरण समेत गरेको छ । किसान सशक्तिकरण, आधुनिक खेती प्रविधि र आर्थिक सचेतना अभिवृद्धिमा अग्रसरता देखाएको अध्यक्ष स्याङ्बोले बताए । कार्यक्रमले स्वास्थ्य र कृषि दुवै क्षेत्रमा स्थानीय समुदायको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । साथै पालिकाको शिक्षामा बचत अभियानको अन्य पालिकाहरुले समेत प्रशंसा गरेका छन् ।

## मत ...

आयोगका सचिव कृष्णबहादुर राउतले फागुन २१ गतेको निर्वाचनका लागि जिल्लाजिल्लामा मतदान अधिकृत तोक्ने र तालिम दिने काम भइरहेको जानकारी गराए । निर्वाचन शिक्षा सम्बन्धी धेरै विषय आयोगले वेबसाइट र आयोगको आधिकारिक सामाजिक सञ्जालका पृष्ठबाट राखिरहेको पनि उनले उल्लेख गरे ।

अहिले देशभरका छ हजार ७ सय ४३ वटै वडामा मतदातालाई शिक्षा दिने काम भइरहेको सचिव राउतले जानकारी दिए । निर्वाचनलाई पारदर्शी बनाउन यसपटक आयोगले खर्च व्यवस्थापन कार्यविधि पारित गरी राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने व्यवस्था गरेको उनले उल्लेख गरे ।

आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले २०१५ साल फागुन ७ गते नेपालमा पहिलोपटक निर्वाचन भएको सम्झनामा आयोगले २०७३ साल फागुन ७ गतेदेखि निर्वाचन दिवस मनाउन थालेको जानकारी दिए । पहिलोपटक नागरिकले मत हालेर सार्वभौम भएको दिनको स्मरणमा आयोगले प्रत्येक वर्ष फागुन ७ गते यो दिवस मनाउन थालेको उनले उल्लेख गरे ।

## नेकपा ...

पुऱ्याउने, स्वास्थ्य स्वयम्सेविकाको भत्ता मासिक २० हजार रुपैयाँ दिने, महिलालाई २० लाख रुपैयाँ निर्ब्याजी ऋण दिने र गरीब परिवारको ऋण माफ गर्ने योजना पनि समावेश गरिएको छ ।

त्यसैगरी, एमालेले घोषणा-पत्रमा तत्काल गर्ने ११ कामको सूची समेटेको छ । पाँच आधारभूत घोषणा र समृद्धिका २५ स्तम्भ पनि यसमा राखिएको छ । निर्वाचनपछि बन्ने मन्त्रीपरिषद्को सरकारबाट समयसीमा तोकेर तत्काल गरिने ११ कामको कार्य समय निर्धारण गरिने पनि अध्यक्ष ओलीले बताए ।

**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं ।**

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रुपमा सञ्चालन गरेको छ ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दी बारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराइ दिन अनुरोध गरेको छ ।

**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**


वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## विरासत रक्षाको संघर्ष

जेन–जी विद्रोहको परिणतिमा हुन लागेको प्रतिनिधि सभा सदस्यको निर्वाचन परम्परागत सोच र ढाँचा अनि नयाँ वर्गको आकांक्षा र सपनाको परीक्षाको घडी हो । फागुन २१ गते हुने निर्वाचनले चार दशकदेखि सत्ता सञ्चालन गर्दै आएका उही अनुहार र युवाहरुको सपना र आकांक्षाबाट उदाएका नवपुस्ताका नयाँ अनुहारका बीचको भिन्नताको मापन गर्नेछ । त्यसमा पनि यो निर्वाचनको केन्द्रमा रहेको झापा र झापाको ५ नम्बर निर्वाचन क्षेत्र अहिले देशको चासो, छलफल र चर्चाको क्षेत्र भएको छ । यहाँ पटक–पटक निर्वाचन लड्दै आए र सत्ताको नेतृत्व गर्दै आएका एमाले अध्यक्ष केपी शर्मा ओली र पहिलोपटक स्थानीय तहको निर्वाचन मार्फत स्थानीय सरकारका प्रमुखमा अत्यन्त धेरै मत प्राप्त गरी प्रमुख भएका बालेन्द्र शाहका बीच प्रतिष्पर्धा हुँदैछ ।

शाह काठमाडौं महानगरको नगर प्रमुख पद कार्यकाल त्यागेर निर्वाचनमा भाग लिन झापा ५ आएका छन् । नव युवाहरुको बिद्रोहको बलमा हुन लागेको निर्वाचनको परिणामले देश र जनताको भविष्यको संकेत गर्ने विश्लेषण गरिँदैछ । बालेनको यस्तो आँट राष्ट्रिय राजनीतिमा परिवर्तनको संकेत हो भन्ने तर्क पनि गरिँदैछ । दलीय राजनीतिबाट मुक्त भई स्वतन्त्र उम्मेदवारका रुपमा लडेर राजधानीकै महानगरबाट विजयी बालेनको यस्तो निर्णय उनको राष्ट्रहितको पक्षको योजनाबद्ध अग्रसरता पनि हुन सक्छ । स्वतन्त्रका रुपमा निर्वाचन जितेका बालेन यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनिएका छन् । यस्तोमा अचानक नयाँ अनुहार लिएर आएका बालेनका लागि यो यात्रा कठिन पनि हुनसक्छ । किनकि बारम्बार चुनाव जित्दै र सरकारको नेतृत्व गर्दै आएका एमाले अध्यक्ष ओली राजनीतिका चतुर खेलाडी मानिन्छन् ।

त्यसो त क्षेत्र नम्बर ५ का लागि चर्चामा रहेका दुबै उम्मेदवार स्थानीय बासिन्दा होइनन् । यद्यपि संविधानको व्यवस्था अनुसार सबै नागरिक जुन कुनै ठाउँबाट उम्मेदवार बन्न पाउँछन् । तर, ओलीले सुरक्षित ठानेको र यही क्षेत्रलाई लगातार उपयोग गर्दै आएको हुँदा बालेनलाई अपेक्षित सहज नहुन सक्छ । यस्तोमा अत्यन्त ठूलो जोखिम मोलेर लड्दै गरेका बालेनको खडा गरेको चुनौतीमा परिवर्तनका चाहनाको ठूलो भूमिका रहन्छ । जेन–जी विद्रोहपछि आमयुवामा पुराना अनुहारले नयाँ केही दिन र गर्न सक्दैनन् भन्ने धारणा बलियो भएको छ । त्यसो त झापा ५ मा उनीहरुलाई बराबरी टक्कर दिने कांग्रेस, राप्रपा, श्रम संस्कृति लगायतका थुप्रै उम्मेदवार पनि आफूले जित्ने दाबी गरिरहेका छन् । यदि यो भिडन्तमा बालेन विजयी भए र देशभरि नै युवाको सपना जस्तै नयाँले जिते नेपालको राजनीति बद्लिने पक्का छ । तर, वास्तविक मार्ग निर्वाचनको परिणामले स्पष्ट गर्नेछ ।

# नेपाली क्रिकेटले फर्काएको



राजु सिलवाल



‘बाह्र वर्षमा खोला पनि फर्कन्छ’ भन्ने उखान जस्तै नेपाली क्रिकेट टिमले १२ वर्षपछि पहिलोपटक विश्वकपको खेलमा ऐतिहासिक जित हासिल गर्दै उदाउँदो नेपाल क्रिकेट मुलुक भएको पुष्टि गरेको छ ।

नेपालले सन् २०१४ मा पुरुष ‘टि ट्वान्टी’ विश्वकपमा पहिलो पटकको सहभागिता जनाएको बेलानै हङकङ तथा अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो । सन् २०२४ को विश्वकपमा कुनै जित हात पार्न नसकेको नेपालले यसपालि भारत तथा श्रीलङ्कामा जारी रहेको ‘टि ट्वान्टी’ पुरुष विश्वकपका तीन खेलमा पराजित भई प्रतियोगिताबाट बाहिरिसकेपछि सम्पूर्ण नेपाली टिमका साथै समर्थकहरु स्तब्ध भइसकेका थिए । उज्यालो अनुहार कसैको थिएन तर मङ्गलबार मुम्बईस्थित वानखेडे रङ्गशालामा आयोजित अन्तिम नेपालको सान्त्वना जित भएको हेर्न पाइन्छ कि भन्ने झिनो आशा बोकेर उपस्थित भएका समर्थकहरुले स्कटल्याण्डबिरुद्ध सात विकेटको विजयपछि खेलाडीहरुले गुमाइसकेको आत्मसम्मान पुनः फर्काएको महशुस गरेका छन् ।

उक्त खेलको प्रारम्भमा प्रतियोगिताबाट बाहिरिसकेको अर्को टिम स्कटल्याण्ड हाबी भएता पनि नेपालले पाँच ओभरमा छ विकेट लिएपछि खेल लयमा फर्किएको थियो । नेपालका तर्फबाट तीन पटक विश्वकप खेलेका सोमपाल कामीले अन्तिम खेलमा लिएको सर्वाधिक तीन विकेटले नेपाललाई जितको भागीदार बनाउन महत्त्वपूर्ण योगदान गऱ्यो । यस्तै नन्दन यादवले दुई तथा कप्तान रोहित पौडेल, कुशल भुर्तेलले एक-एक विकेट लिँदै खेलमा सानदार पुनरागमन गरेका थिए ।

त्यसैगरी स्कटल्याण्डबिरुद्धको खेलमा विष्फोटक ब्याटिङ गरेर मुलुककै लागि पहिलोपटक ‘म्यान अफ दि म्याच’ पुरस्कार प्राप्त गरेका दीपेन्द्रसिंह ऐरीको कीर्तिमानी रनले मुलुकलाई ऐतिहासिक जित दिलाउन उत्कृष्ट योगदान दिएको थियो । उनले मङ्गलबार २३ बलमा ५० रन बनाई यसपटकको विश्वकपमा दोस्रो पटक अर्धशतक बनाउने नेपाली कीर्तिमानी खेलाडी बन्न सफल हुनु मुलुककै क्रिकेट इतिहासको महत्त्वपूर्ण उपलब्धि मानएको छ । यसअघि वेष्ट इण्डिजसँगको खेलमा पनि उपकप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाएर नेपालको यसअघि रहेको कीर्तिमान तोड्न सफल भएका थिए । सन् २०१४ मा नेपालका तर्फबाट सुभाष खकुरेलले ५६ रन बनाई विश्वकपमा पहिलो नेपाली अर्धशतकको कीर्तिमान कायम गरेका थिए । दिपेन्द्रले भने ४४ बलमा ५८ रन बनाएर अघिल्लो कीर्तिमान तोडेका नेपाली क्रिकेट प्रेमीहरुलाई उत्साहित बनाएका थिए ।

हारैहारपछि प्राप्त भएको जितले नेपाली टिम माथि अत्यधिक मात्रामा भइरहेको आलोचना कम गर्न केही हदसम्म भए पनि कम भएको महशुस गरिएको छ । यसपटकको विश्वकपको अनुभवले नेपालको किक्रेटलाई समयोचित लयमा अघि बढाउन विशेष अभियान नै चलाउनुपर्ने अवस्था सिर्जना भएको छ । मुलुकको प्रतिष्ठासँग गासिएको विश्वकप जस्तो उच्चस्तरीय प्रतियोगितामा नेपालको लगातार लज्जाजनक हार भएपछि अब नेपाल सरकारकै नेतृत्वमा विश्वकपसम्मको यो महत्त्वपूर्ण यात्रालाई अझ फराकिलो रुपमा निरन्तर अघि बढाउन प्रमुख प्राथमिकता दिनुपर्ने आवश्यकता महशुस गरिएको छ । तेस्रो पटक विश्वकपमा प्रवेश पाएको नेपाली टिम यसपाली पहिलोपटक सुपर आठमा पुग्ने लक्ष्य राख्दै मुम्बई पुगेको थियो । तर, सन् २०१४ पछि १२ वर्षसम्म पनि विश्वकपका कुनै पनि खेल जित्न नसकेर प्रारम्भिक चरणबाटै बाहिरिएपछि निरास भई स्वदेश फर्कने क्रममा रहेको नेपाली टिमले उत्कृष्ट प्रदर्शन गर्दै वाईल्ड कार्ड मार्फत विश्वकपमा खेलेको स्कटल्याण्डलाई हार चखाएको थियो ।

### इतिहासमै खराब प्रदर्शन

तीन पटक विश्वकप खेलको अनुभव हासिल गरिसकेको नेपाल पहिलोपटक विश्वकपमा प्रतिस्पर्धामा उत्रेको इटालीसँग मुम्बईमा शर्मनाकले पराजित हुनु सामान्य प्रसङ्ग होइन । नेपालले खराब ब्याटिङ प्रदर्शन गर्दा विश्वकपको नयाँ प्रवेशी इटालीसँग हार व्यहोर्नुपरेको थियो । दुई पटक विश्व विजेता भइसकेको इङ्गल्याण्डसँग चार रनको झिनो अन्तरले मात्र पराजित भएपछि नेपाली टोलीको महत्त्वाकांक्षा तथा अपेक्षा बढ्दै गएर ‘टि ट्वान्टी’ क्रिकेटमा पहिलोपटक १० विकेटले पराजित हुने अवस्थामा पुगेको थियो । नेपाल इटलीसँगको प्रतिस्पर्धामा १९.३ ओभरमा १२३ रनको सामान्य स्कोरमा अलआउट भएको थियो । नेपाली खेलाडीहरुले प्रभावशाली स्कोर बनाउन नसकेर चुनौतीपूर्ण लक्ष्य दिन नसकेपछि हार व्यहोर्नु परेको थियो ।

इटलीले भने कुनै पनि विकेट नगुमाएर १२.४ ओभरमा ४४ बल बाँकी रहँदै लक्ष्य हासिल गरेको थियो । इटलीका ओपनर एन्थोनी र जस्टिन मोस्का दाजुभाइबीचको १२४ रनको साझेदारी विजयको प्रमुख कारक बन्न पुग्यो । मानसिक दृढता कमी भएको नेपाली टिम ब्याटिङ, बलिङ र फिल्डिङमा सुस्त प्रदर्शनको कारण हार्न पुग्यो । नेपाली खेलाडीहरुलाई जित्नै पर्ने मानसिक दबाब प्रसस्त मात्रामा परेको महशुस गरिएको थियो । नेपालको ब्याटिङ र बलिङ दुबैमा रणनीतिक कार्यान्वयनको समस्या देखिएको थियो । नेपालको ब्याटिङ पतन र कम योगफलको तुलनामा इटलीको क्लिनिकल र अनुशासित बलिङले नेपाललाई सहजै पराजयको बाटोतर्फ उन्मुख गराएको थियो । त्यसपछि नेपाल वेष्ट इण्डिजसँग नौ विकेटले भएको पराजयलाई पनि नेपाली खेलप्रेमीहरुले सहज रुपमा लिन सकिरहेका छैन । उत्कष्ट लयमा रहेको वेष्ट इण्डिज नेपाललाई हराएपछि अघिल्लो चरण सुपर आठमा प्रवेश गर्न सफल भएको थियो ।

### हारेर पनि मन जित्दा

नेपाल र इङ्गल्याण्डबीचको खेललाई नेपालले हार्दाहार्दै पनि मन जितेको खेलका रुपमा अविस्मरणीय बन्न पुग्यो । नेपालले यसपालि विश्वकपमा खेलेको उक्त पहिलो प्रतिस्पर्धामा राम्रो खेल प्रदर्शन गर्दागर्दै पनि हार्न पुगेको प्रसङ्गलाई नेपाली क्रिकेट प्रेमीहरुले भुल्न सकेका छैनन् । दुईपटक विश्वकप जितिसकेको इङ्ल्याण्डसँग नेपाल खेलमा हारेर पनि सम्पूर्ण नेपालीको मन जित्न सफल भएको थियो । उक्त खेलमा नेपालले पूरै खेल अवधिभर क्रिकेटको जन्मदाता मुलुकलाई पूरै चुनौती दिँदादिँदै पनि चार रनको झिनो अन्तरले पराजित हुन पुगेको थियो । क्रिकेटको उदाउँदो मुलुकको रुपमा परिचय बनाउन सफल नेपाल विश्वकपमा समेत कमजोर टिम नभएको महशुस गराएको थियो ।

नेपाली समर्थकहरुले खचाखच भरिएको वानखेडे रङ्गशालामा नेपाली खेलाडी लोकेश बमले बनाएको २० बलमा ३९ रन प्रशंसनीय थियो । तर, इङ्गल्याण्डका ह्यारी ब्रुक र ज्याकब बेथेलेले बनाएको अर्धशतकले खेलमा नेपाललाई हराउन उल्लेखनीय भूमिका खेल्यो । त्यसखेलमा नेपाललाई जितको बाटोमा अघि बढाएका कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरी आउट भएपछि नेपालको प्रदर्शन सुस्त हुँदै गएको थियो । अन्तिम ओभरमा १० रन आवश्यक भएको बेला करण केसीको बलिङले बाउन्ड्री पार गर्न नसक्दा नेपाल छ रन मात्र बनाएर निराशाजनक नतिजा व्यहोर्न बाध्य भएको थियो ।

### बिर्सन कठिन समर्थन

विश्वकप क्रिकेट हेर्न विभिन्न मुलुकका दर्शकहरु भारत तथा श्रीलङ्का पुगेका छन् । नेपालको चारवटै खेल खेलाइएको मुम्बई पुगेका नेपाली दर्शकहरुको संख्या पनि उल्लेखनीय रहेको थियो । प्रतियोगिता हेर्न नेपालबाट समेत हजारौं दर्शक पुगेका थिए । भारतका विभिन्न स्थानका साथै विश्वका अन्य मुलुकबाट समेत नेपालीहरु मुलुकको टिमको समर्थन गर्न त्यहाँ उपस्थित भएका थिए । मुम्बईस्थित वानेखेडे रङ्गशालामा नेपालको खेल परेका दिनहरुमा देखिएको राताम्मे दृष्यले विश्वकै क्रिकेट प्रेमीहरुलाई उत्साहित बनाएको थियो ।

नेपाली राष्ट्रिय क्रिकेट टिमको रातो जर्सी लगाएर दर्शक दिर्घामा बसेका असंख्य समर्थकहरुले नेपालको पक्षमा नारा लगाउँदै रङ्गशाला गुन्जायमान गराएका थिए । विभिन्न नेपाली गीत तथा नृत्यहरुको मनमोहक प्रदर्शनले वातावरण रोचक बनाएको थियो । नेपाल तथा इङ्गल्याण्डबीच खेल भएको दिन रङ्गशालामा २०औं हजार दर्शकको उपस्थिति रहेको थियो । भारतीय भूमिमा भारतको खेल नभएको बेलामा पनि त्यति धेरै संख्यामा दर्शकको उपस्थितिलाई देखेर नेपाली दर्शकको क्रिकेटप्रतिको मोह भन्दै टेलिभिजनको प्रत्यक्ष प्रसारणमा प्रशंसा गरिएको थियो । रङ्गशालामा प्रत्यक्ष उपस्थिति बाहेक टेलिभिजन प्रत्यक्ष प्रसारण तथा डिजिटल प्लेटफर्म माध्यमबाट विश्वभरि छरिएका लाखौं नेपालीले खेल हेरेर क्रिकेटको बढदो लोकप्रियताप्रति ऐक्यबद्धता जनाएका थिए ।

तर, नेपाली टिमको लगातार पराजयपछि
दर्शकहरु भने निरास भएका थिए । ल
विदेशी भूमिमा पुगेका नेपाली खेलप्रेमीह
समेत प्रकट गरेका थिए ।

नेपालको यसपालि तीन खेलमा प
टिममाथि जित्नै पर्छ भन्ने दबाब
इङ्गल्याण्डसँग थोरै रनको अन्तरले पर
टिमको महत्त्वकांक्षा बढेको तथा तद्अ
हुन नसक्दा हार व्यहोर्नु परेको हो
प्रतियोगितामा भोगेको जस्तो हार अ
नदिन केही महत्त्वपूर्ण पक्षमा सुधार
देखिएको छ । खेलमा हारजित स्वभावि
र तयारी बलियो बनाउँदै परिमाणमा सु
केन्द्रीत गर्नुपर्ने देखिन्छ । यसका ला
लगानीका साथै क्रिकेटलाई उच्च प्राथ
योजना बनाई कार्यान्वयनतर्फ जोड
महशुस गरिएको छ ।

### सुधारको खाँचो

नेपाली टिममा ब्याटिङ, बलिङ तथा
अझ सुधार गर्नुपर्ने देखिएको छ । खे
स्थिरता जरुरी देखिन्छ । यसक्रममा शुरु
तथा मध्य तथा अन्तिम ओभरमा रन ग
दिनु अत्यावश्यक छ । डेथ ओभर ब
बनाउने, क्याच, ड्रप तथा मिसफिल्ड
फिल्ड सेटिङमा जोड दिनुपर्छ । विपक्षी
अध्ययन गर्नुका साथै खेलको बीचमा
गर्नसक्ने क्षमताको विकास पनि आव
गरिएको छ । प्रतियोगिता सञ्चालन
प्रतियोगिता भइरहेको पिच अनुसारको
अत्यावश्यक देखिएको छ ।

### टिममा परिवर्तन जरुरी

नेपाली राष्ट्रिय क्रिकेट टिममा समया
आवश्यक देखिएको छ । खेलाडीहरुक
उपलब्धि तथा समग्रमा सकारात्मक नति
खेलेको भूमिकाको आधारमा रा
सदस्यहरुको मूल्याङ्कन गरिनु जरुरी मा
इतिहासले मात्र वर्तमान अवस्थामा
सकिँदैन । खेलाडीको उमेर, शारीरिक
अनुभव, हालको सक्षमता तथा समग्र टिम
जस्ता आधारमा खेलाडीको स्वतन्त्र रुप
प्रशिक्षकलाई जिम्मा दिनुपर्छ ।

राष्ट्रिय क्रिकेट टिममा सही ढङ्गले
नेपाली क्रिकेटको भविश्य अझ उज्वल
देखिन्छ । राष्ट्रिय टिमको व्यवस्थापन
साथै टिममा पनि परिवर्तन आवश्य
विश्वकपको नतिजाले देखाएको छ ।
नतिजा दिन नसकेको अवस्थामा प्रदर्श
पनि परिवर्तन आवश्यक देखिन्छ ।
सकारात्मक नतिजा हासिल गर्न वाताव
प्रतिभाशाली युवा खेलाडीले पनि मौक
अझ प्रतिस्पर्धी बन्न सक्छ ।

### मानसिक तयारीको सन्दर्भ

कुनै पनि प्रतियोगिता खेल्न खे
उनिहरुलाई मानसिक रुपमा तयारी बना
परिस्थिति अनुसार सामना गर्ने, जुनसु
व्यहोर्न सक्नेजस्ता प्रशिक्षण दिई मै
खेलका लागि उनीहरुलाई कुनै प्रकार
खेलाडीलाई परिस्थिति अनुसार
बनाइनु आवश्यकता पर्दछ । जसरी

# नेताहरु संसदको चुनाव लड्दैछन् कि वडाध्यक्षको ?

भोट माग्न गाउँबस्ती पसेका उम्मेदवारहरूका वाचा सुन्दा लाग्छ, उनीहरू सिंहदरबार होइन, वडा कार्यालय छिर्ने तयारीमा छन् । कोही नाला बनाइदिने भन्छन्- कसैले सडक कालोपत्र गरिदिने, कसैले खोलामा तटबन्ध हालिदिने । यस्तो भान हुन्छ- देशलाई नीति चाहिएको छैन, नेतालाई विधि चाहिएको छैन र मतदातालाई केही पनि चाहिएको छैन ।

फागुन २१ को चुनावबाट चुन्ने संघीय संसदको सांसद हो । सांसदको काम डोजर चलाउने होइन, विधि र विधानबाट देश चलाउने हो । देश चलाउने नीति र कानून बनाउने हो । संसद भनेको कुलो, पैनी, सडक र सिँचाईका उपभोक्ता समिति होइन । विकासका कामलाई गतिशिल बनाउने र योजनाको कार्यान्वयन जनमुखी र पारदर्शी बनाउने हो ।

संविधानले संघीय संसदलाई स्पष्ट जिम्मेवारी दिएको छ- कानून निर्माण, सरकारको निगरानी, बजेटमाथि बहस, राष्ट्रिय नीतिको निर्धारण, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन । कानून बलियो र सही तरिकाले कार्यान्वयन हुँदा विकास आफसेआफ हुन्छ । नीति स्पष्ट भए बजेट सही ठाउँमा पुग्छ । तर, हामीकहाँ उल्टो भइरहेको छ- नीति कमजोर, वाचा ठूला । नेता ढाँट्न पाए रमाउने, मतदाता नेताले ढाँटेको थाहा पाएर पनि तिनैलाई पत्याउने ।

देशमा संघीय शासन प्रणाली शुरू भएपछि शिक्षा, स्वास्थ्य, कृषि, ढल, कुलो, पैनी जस्ता आधारभूत विकासको जिम्मेवारी पालिकामा पुगेको छ । वडा, गाउँपालिका, नगरपालिका- यी नै सडक, नाला, सिँचाइ, खानेपानीका प्रत्यक्ष जिम्मेवार निकाय हुन् । संघीय सांसदले टोल र सडकका खाल्डो पुर्न खोज्दा न त पुरेर सकिन्छ, न देश अघि बढ्छ । बरु उनीहरू आफ्नै संवैधानिक भूमिकाबाट टाढा जान्छन् ।

संघीय सांसदको काम देशका समस्याबारे छलफल गर्ने र नीति बनाउने हो । सीप र शिक्षा नीति कस्तो बनाउने ? रोजगारी सिर्जना कसरी गर्ने ? स्वास्थ्य



प्रणाली कसरी सुधार्ने ? संघीयता कार्यान्वयनमा देखिएका समस्या कसरी समाधान गर्ने ? कृषि, उद्योग, ऊर्जा, सूचना प्रविधि जस्ता क्षेत्रको दीर्घकालीन विकास कसरी गर्ने ? विकास कसको गर्ने ? धनीको कि गरीबको ? देशको दिशा र दृष्टि के हो ? अबका दश वर्षमा देशको अवस्था कति माथि जान्छ ? कसरी लैजाने ? नागरिकको जीवनस्तर कसरी उठाउने ? सांसदले सोच्ने र छलफल गर्ने कुरा हुन् यी । तर सांसदका उम्मेदवारहरु बाटो र पुल देखाएर भोट माग्छन् । मतदाता पनि अब सजग हुनुपर्छ । ‘हाम्रो टोलको बाटो बनाइदिन्छु’ भन्ने उम्मेदवारलाई सोध्नुपर्छ-‘देशको बाटो कसरी बनाउँछौ ?’ ‘कुन कानून ल्याउँछौ ?’ ‘सरकारलाई कसरी जवाफदेही बनाउँछौ ?’ ‘तिम्रो नीति के हो ?’

विकासको फोस्रो सपना होइन, देशको दृष्टि देखाउने प्रश्न गर्नुपर्छ मतदाताले अब । सोच उम्मेदवारको मात्र होइन अब मतदाताको पनि बद्लिनुपर्छ । सांसदलाई आफ्ना व्यक्तिगत कामको सिफारिस गराउन छाड्नुपर्छ । संसदको गरिमा र मर्यादा नेताले भत्काए, मतदाताले पनि ‘घर अगाडिको बाटो’ भन्दा माथि उठेर ‘देशको दिशा’ के हो भनेर सोधेनन् । अब सोध्ने र सोच्ने समय आएको छ ।

फागुन २१ गते मतपत्रमा छाप हान्दा सम्झिनुपर्छ- यो छाप नालाको ढक्कन र सडकको रेखो तान्न होइन, राष्ट्रको मार्गचित्र कोर्नका लागि हो । छाप बजेटको टुक्राका लागि होइन मेची महाकाली र हिमाल तराई जोड्ने विकासको हो, अन्तरसम्बन्ध र भविष्यका लागि हो । संघीय संसदमा पठाइने व्यक्ति निर्माण व्यवसायी होइन, नीति निर्माता हुनुपर्छ । फागुन २१ को चुनाव वडाध्यक्षका लागि होइन । यो संघीय संसदका लागि हो । संसदको मर्यादा जोगाउने हो भने वाचा संघीय स्तरकै हुनुपर्छ । देशको राजनीति नालामा होइन, नीतिमा केन्द्रित हुनुपर्छ । अनि मात्रै चुनाव अर्थपूर्ण हुन्छ, मतको मूल्य जोगिन्छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** बोलिको प्रभावले आयआर्जनमा फाइदा हुनेछ, प्रियजनसँग भेट हुने समय छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय बलवान रहेको छ, अपरान्नपछि खुशीको खबर आउनेछ, आज साथीभाइसँग छोटो दुरीको फाइदाजनक यात्रा हुनाले मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, मध्यान्हपछि अनावश्यक चिन्ताले सताउनेछ, अनावश्यक चिन्ता नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन लाभ हुनाले मन खुशी भएर जानेछ, तर परिवारजन बिमुख हुने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** व्यापार-व्यवसायमा फाइदाजनक योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा फाइदाजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** आजबाट नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहने योग आएको छ ।


**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जानेछ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**मिति २०८२/११/०७ बिहीबारको सुनचाँदी मूल्य**



छापावाला सुन प्रति तोला रु. ३,०४,७००/-



चाँदी प्रति तोला रु. ५,०६०/-

